‘व्यवसायिक कृषि तथा पर्यटन, गुणस्तरीयता तथा दीगो पूर्वाधारः
सुन्दर, समृद्ध मेन्छयायेमको आधार’

## मेन्छ्यायेम गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

मोराहाङ, तेह्रथुम, कोशी प्रदेश, नेपाल



# नीति तथा कार्यक्रम

आर्थिक वर्ष २०८०।०८१

# **अध्यक्ष श्री यादव बहादुर खापुङ्ग**ले
# **मेन्छयायेम गाउँपालिका**को
# **नवौं गाउँ सभा**मा
## पेश गर्नुभएको आर्थिक वर्ष २०८०।०८१
# नीति तथा कार्यक्रम

**मेन्छयायेम गाउँपालिका**

गाउँ कार्यपालिकाको कार्यालय

मोराहाङ, तेह्रथुम

**२०८० असार २६ गते**

**नवौं गाउँसभामा उपस्थित सभा सदस्य ज्यूहरू,**

यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफूलाई गौरवान्वित महशुस गरेको छु। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न सुझाव दिनु हुने सम्पूर्ण आमा, बुवा, दाजुभाइ तथा दिदीबहिनीहरूलगायत सहजकर्ताहरूलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरूमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिकाबासीको समृद्धिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरू प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरू पुरा गर्ने दिशामा हामीले आगामी आ.ब. २०८०/८१ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं । यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरूको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध गाउँपालिका र सुखी नेपाली र समृद्ध जनताको राष्ट्रिय संकल्प हासील गर्न सार्वजनिक, निजीक्षेत्र र समूदायको साझेदारी विकास गरिनेछ । विश्वव्यापीरूपमा फैलिएको कोभिड-१९ महामारीबाट थलिएर माथि उठन लागेको अर्थतन्त्र पुनः रूस र युक्रेन युद्ध र सोबाट विश्व आपूर्ति श्रृंखलामा आएको संकुचनले नेपाललाई समेत प्रभाव पारेको छ । यसबाट संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गइ स्थानीय तहले पाउनु पर्न वित्तीय हस्तारणमा नकारात्मक असर पुगेको छ ।

नेपालले जनसांख्यिक लाभ लिदै अल्प विकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन २ देखि ३ हजार युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेसिनु पर्ने अवस्थाले हामी सबैलाई गम्भीर बनाएको छ ।आन्तरिक र बाह्य बसाइसराइका कारण नेपालका गाउँघरहरू सुनसान बस्तीका रूपमा रूपान्तरित हुँदै आएको छ । उब्जाउ खेत बारी बाँझो हुन पुगेका छन् । यस सन्दर्भमा युवालाई देशभित्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको बसाइलाइ आकर्षक बनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेको छ ।

यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनर्उत्थानशील क्रियाकलापमार्फत अगाडी बढाउँदै तीब्र र दिगो आर्थिक विकास गरी समृद्ध नेपाल सुखी नेपालीको मुल लक्ष्य हासील गर्नु परेको छ । यसका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाई विशेष जोड दिनु पर्ने अवस्था सृजना भएको छ । सेवा प्रवाहलाई थप प्रभावकारी बनाइ सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्य छ । यसका लागि बिद्युतीय सुशासन प्रणालीलाई सेवा प्रभावमा ब्यापक र प्रभावकारी बनाउनु पर्ने अवस्था देखिन्छ ।

## विकास तथा समृध्दिको लक्ष्य प्राप्तिका अवसर तथा चुनौती

**विद्यमान अवसरहरूः**

- हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेका छन्ः
- संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।
- आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु ।
- विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।
- गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।
- सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु ।
- सडक निर्माणमा भएको लगानीसँगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाई बजार सम्मको पहुँच स्थापित हुनु ।
- आधुनिक तथा प्रविधिमैत्री शिक्षा तथा पूर्वाधारसम्पन्न स्वास्थ्यमा गाउँपालिकाबासीको पहुँच पुग्नु ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम तथा स्वरोजगार कार्यक्रममार्फत गाउँमै रोजगारीको अवसर सृजना हुनु ।
- विद्युत, खानेपानी, सञ्चारजस्ता आधारभूत आवश्यकतामा पहुँच पुग्नु ।

- संघीय तथा प्रदेश सरकारको विकास यात्रामा सहकार्य हुनु ।
- मध्यपहाडी लोकमार्गको नजिक हुनु ।
- मदन भण्डारी राजमार्गले यस गाउँपालिकालाई शिरबाट छोएर अगाडी बढ्नु ।
- प्राकृतिक सम्पदाहरू अन्य तेह्रथुम जिल्लाका स्थानीय तहभन्दा (जल, जमिन, जंगल) राम्रो हुनु ।
- निर्माण सामग्री (ढुंगा, गिटी, बालुवा, काठ)लगायतका खनिज पदार्थ उपलब्ध हुनु ।
- भौगोलिक हासबले सानो गाउँपालिका भएकोले चाडै विकास गर्न सकिने ।
- प्रायः सुबै वडाहरूमा खेतीयोग्य जमिन हुनु ।

**विद्यमान चुनौतीहरू:**

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेका छन्:

- गाउँपालिकाको आफ्नो प्रशासनिक भवन नहुनु ।
- राजमार्गसँग (जिरिखिम्ती) हाम्रो भुगोल नजोडिनु ।
- सबै प्रकारका सेवा प्रदान गर्न दरबन्दीअनुसारको कर्मचारी कम हुनु ।
- उत्पादित बस्तुको बजार सम्बन्ध स्थापित गर्न नसक्नु ।
- रोजगारउन्मुख सीपमूलक तालिम लिएका जनशक्तिहरूलाई स्थानीय स्तरमा रोजगारी प्रदान गर्न नसक्नु
- बजारको सूचना कृषकलाई समयमा नै उपलब्ध गराउन नसक्नु ।
- श्रोतको कारण गुणस्तरीय बीउबिजन/मलखाद समयमा नै उपलब्ध गराउन नसक्नु ।
- युवा जनशक्तिलाई कृषि ब्यवसाय प्रति आकर्षित गराउन नसक्नु ।
- ब्यावसायिक कृषि प्रणालीलाई निरन्तरता प्रदान गर्न नसक्नु ।
- वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाई उद्यम विकासमा उपयोग गरी आम्दानी वृद्धि गर्न नसक्नु ।
- निर्माण सम्पन्न पूर्वाधारहरुको मर्मत सम्भार पद्दतिको विकास गरी नियमित सञ्चालनमा ल्याउन नसक्नु ।
- सडक लगायतका पूर्वाधारहरुको योजना, डिजाइन तथा ड्रइङ विना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई व्यवस्थित गर्न नसक्नु ।
- भिरालो ठाउँको कारण बाढीपहिरो लगायतका प्रकोपको उच्च जोखिम भएका बस्ति भवन निर्माण कार्य गर्दा तोकिएको समयमा सम्पन्न गर्न नसक्नु।
- अव्यवस्थित बस्ती बिस्तारको क्रम रोक्नु तथा व्यवस्थित बस्ति विकास गर्न नसक्नु ।
- बैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारीक एवम् उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्न नसक्नु ।
- सञ्चार सेवा प्रदायक संस्थाहरू बाट प्रभावकारी सेवा प्राप्ति र ब्यवस्थित गर्न नसक्नु ।
- विभिन्न कालखण्डमा गाउँपालिकामा निर्माण भएका पूर्वाधारमा सँरचना (पुँजिगत सम्पति) को लागत तयार गर्नु, मूल्याङकन गर्नु तथा सेवामा प्रभावकारी उपयोग सम्बन्धि योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गराउन नसक्नु ।
- जलवायु परिवर्तनका कारण पानीका स्रोतहरूमा परेको प्रभाव कम गर्न नसक्नु ।

**उपस्थित सभा सदस्य ज्यूहरू,**

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत ब्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, मध्यमकालिन खर्च संरचना **(MTEF)**, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, पन्ध्रौं आवधिक योजनाको मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ ।

गुणस्तरीय पूर्वाधार विकास निर्माणको कार्यमा गाउँपालिकाभित्रका आम उपभोक्ताहरू, सर्वसाधारण जनता, व्यापारी/व्यवसायीहरू, सामाजिक संघसंस्थाहरू तथा विकास साझेदारहरूको निरन्तर सहयोग रहँदै आएको छ । विकास र सुशासनको लागि जनप्रतिनिधिहरूले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने हो भने प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानुनी ढाँचा भित्र आवद्ध गराउने हो । आम नागरिकहरूले साथ सहयोग, सुझाव दिने हो । जनसहभागीता एवं जनपरिचालनको क्षेत्रमा गाउँपालिकाले कायम गरेको इतिहासलाई अक्षुण्ण राख्दै शासकीय प्रबन्धमा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवं स्वच्छतायुक्त जनसहभागीता सुनिश्चित गरिने छ।

गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण **(O&M)** लाई अद्यावधिक रूपमा अध्ययन गरी छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितव्ययी बनाइनेछ । यसबाट सेवा प्रवाहलाई प्रभावकारी तथा विकेन्द्रित तुल्याउँदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ। संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तीय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तीय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने छ।

यस गाउँपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएको छ । जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शिता र जवाफदेहीतालाई जोड दिइनेछ ।

**चालू आर्थिक वर्षको हालसम्मका प्रमुख उपलब्धीहरूको संक्षिप्त विवरण**

**भौतिक पूर्वाधार विकास (सडक, खानेपानी, सिंचाइ)**

**सडक यातायातः**

- यस गाउँपालिकामा २०७४ साल पूर्वसडक पहुँच पुगेको थिएन । तर हालसम्म सबै वडामा सडकको पहुँच पुगेको छ । गाउँपालिकाले विभिन्न वस्तीमा समेत सर्वयाम गाडी चल्ने सडक पूर्वाधार विस्तार गरेको छ । गाउँपालिकाले चालू आर्थिक वर्षमा आफ्नै लगानीमा मुख्य तथा सहायक सडकको विस्तार गर्नुका साथै संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा समपुरक अनुदानबाट पावरहाउस-मोराहाङ्ग-मंगलबारे सडक, मोराहाङ्ग-श्रीजुङ्ग-खोलाखर्क सडक, सिम्रा गुफा सडक निर्माण भएको थियो । आगामी आर्थिक वर्ष २०८०।०८१ मा संघ तथा प्रदेश सरकारबाट सत्तल-सिक्देम सडक, मोराहाङ्ग बजार-संग्राते-लाब्री सडक र संहिम चोक-असिने-मंगलबारे सडक समपुरक अनुदानको साझेदारीबाट बिनियोजन भएको छ ।

**खानेपानीः**

- यस गाउँपालिकामा हालसम्म सबै वडामा खानेपानीको पहुँच पुगेको छ । गाउँपालिकाले विभिन्न वस्तीमा खानेपानी विस्तार गरेको छ । गाउँपालिकाले चालू आर्थिक वर्षमा आफ्नै लगानीमा पाइपलाइन विस्तार गर्नुका साथै संघीय सरकारसँगको सहकार्यमा विशेष अनुदानमार्फत सेखिम्बा खानेपानी र मोराहाङ्ग खानेपानी निर्माण भएको छ । आगामी आर्थिक वर्ष २०८०।०८१ मा संघीय सरकारबाट मेन्छयायेम ६ मा चैते मुहान खानेपानी योजना र प्रदेश सरकारबाट कालिका खानेपानी योजना बिनियोजन भएको छ । यस कारण गाउँपालिकाभित्र खानेपानीको कुनै पिन समस्या छैन कतै कुनै घर छुटेछ भने पुरा गर्ने नीति लिएको छु ।

**सिंचाइः**

- गाउँपालिकाका विभिन्न वडामा गाउँपालिका, प्रदेश, संघ र **SIP** को साझेदारीमा सिंचाइ पूर्वाधार निर्माण भएको छ । जलवायु परिवर्तनको प्रभावका कारण डिजाइन अनुसार पानी प्राप्त हुने कुरामा चुनौती थपिएको छ । यद्यपि, सिंचाइको अवस्थालाई जिवन्त राख्न सुर्के कुलो सिचाइ योजना, मेङ्खुवा घयाम्दो सिचाइ योजना, भोटेखोला सिचाइ योजना, सदुवा सिरिसे सिचाइ योजना र याप्सोरा सिचाइ योजना निर्माण भएका छन् । बाँकी सिचाइ कुलोहरू क्रमागत विस्तार तथा निर्माण हुने क्रममा रहेको जानकारी गराउँदछु ।

**सामाजिक विकास (शिक्षा, स्वास्थ्य, लक्षित समूह)**

- गाउँपालिकामा रहेको १५ शैय्याको अस्पताल निर्माणको चरणमा रहेको छ । हाल प्राथमिक स्वास्थ्य केन्द्र मोराहाङ्गबाट एक्स-रे, भिडियो एक्स-रे, इसीजी, ल्याब, अक्सीजन कन्सनटेटर, प्रसुतिलगायतका सेवा उपलब्ध हुँदै आएको छ । पालिकास्तरका श्रीजुङ्ग स्वास्थ्य चौकी, पौठाक स्वास्थ्य चौकी र सामूदायिक स्वास्थ्य इकाइमा पनि गुणस्तरीय सेवा सञ्चालन हुँदै आएको छ । श्रीजुङ्ग स्वास्थ्य चौकीमा बर्थिङ्ग सेवा सञ्चालन ल्याइएको छ ।
- शिक्षा क्षेत्रमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रममार्फत **ICT LAB** स्थापना तथा भवन निर्माणका कामहरू भएका छन् । जनप्रिय माध्यमिक विद्यालय मेन्छयायेम २, श्रीजुङ्ग माध्यमिक विद्यालय मेन्छयायेम ४ र पञ्चकन्या आधारभूत विद्यालय मेन्छयायेम ६ मा भवन निर्माण तथा जलकन्या आधारभूत विद्यालय मेन्छयायेम १, शारदा आधारभूत विद्यालय मेन्छयायेम २ र जाँते आधारभूत विद्यालय मेन्छयायेम ५ मा **ICT LAB** स्थापना भएको छ ।
- लक्षित समूहका लागि गाउँपालिकाले आयआर्जनको कार्यक्रमहरू अघि बढाएको छ । सुरक्षित नागरिक आवास कार्यक्रम तथा विपन्न नागरिक आवास कार्यक्रममार्फत फुस, पराल आदिको छाना विस्तापन गरी ५९१ जना घरपरिवारलाई टिनको छाना तथा दलित विपन्न परिवारलाई नागरिक आवास कार्यक्रममार्फत २० जना घरपरिवारलाई सुरक्षित घर निर्माण कार्य भएका छन् ।
- विकासका विभिन्न क्षेत्रमा महिला तथा युवाहरूको संलग्नता बढेको छ । युवाहरूको खेलकुदमा संलग्नता बढाउनका लागि पालिकास्तरीय खेलमैदानका रूपमा श्रीजुङ्ग खेल मैदानको स्तरोन्नति गरिएको छ । युवा तथा खेलकूद मन्त्रालय र पालिकाको ५०/५० प्रतिशत साझेदारीमा उक्त स्तरोन्नतिको काम भइरहेको छ । यस्तै, युवालाई खेलकूदमा संलग्न गराउने उद्देश्यले गाउँपालिकाले आफ्नै खेलकूद कार्यविधि निर्माण गरी पालिकास्तरमा खेलकूद विकास समिति निर्माण गरेको छ ।

**आर्थिक विकास (कृषि, उद्योग, पर्यटन, सहकारी, रोजगार)**

- कृषि सहकारी संस्थालाई ब्यावसायिक कृषि तथा पशुपालनका क्षेत्रमा लगानी गर्न उत्पेरित गरिएको छ । खेतिकिसानी तथा पशुपालन कृषकहरूलाई एकीकृत तथा उत्प्रेरित गर्ने उद्देश्यले कृषक समूह गठन कार्यविधि तर्जुमा भएको छ । चालू आर्थिक वर्षमा माथिल्लो र तल्लो भेगका कृषकहरूलाई समेट्ने उद्देश्यले १२/१२ लाखको लागतमा तरकारी पकेट क्षेत्र सञ्चालन गरिएको छ । किसान सूचीकरणको कार्यले पूर्णता पाएसँगै आगामी दिनमा किसान कार्ड वितरण कार्य पनि प्रारम्भ गरिनेछ ।
- गाउँपालिका भित्र रहेका पर्यटकीय स्थलहरूको संरक्षण र प्रबर्द्धन गर्ने कामलाई ब्यवस्थित रूपमा कार्यान्वयनमा ल्याइएको

  छ । गाउँपालिकाले साझेदारीमा मेन्छयायेम ३ मा पर्यटन उपज विकास साझेदारी आयोजनाअन्तरगत संघ र पालिकाको लगानीमा मेन्छयायेम ढाँप पर्यटकीय पूर्वाधार निर्माणाधिन अवस्थामा रहेको छ । यस्तै, ऐतिहासिक तथा धार्मिक महत्व बोकेका गौखुरी धाम, इप्रुङ्ग झरना, घण्टे राजपोखरी, किरातेश्वर शिवालयलगायतको संरक्षण पनि हुँदै आएको छ ।
- रोजगारी सृजना गर्न गाउँपालिका भित्र रहेको श्रम शक्तिको लगत तयार गरी गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रममार्फत विभिन्न सीपमूलक तालिम सञ्चालन गरिएको छ । यस्तै, प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत ११२ जनाले ५० दिनसम्म रोजगारी पाएका छन् । उल्लेखित कार्यक्रममार्फत स्थानीयस्तरमा रोजगारी सृजना भएको छ ।

**वातावरण तथा विपद् व्यवस्थापन**

- वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, जलाधार ब्यवस्थापनलाई समेटने गरी यसबाट प्राप्त हुने काठ, दाउरा, जडिवुटी, हरित उद्यम र पर्यापर्यटनको विस्तार गरिएको छ । गाउँपालिकामा २२ सामूदायिक वनमा उपयोग र संरक्षण हुँदै आएको छ ।

- फोहोर व्यवस्थापनका लागि पालिकास्तरबाट काँचका बोतल निषेध, डस्बीनको व्यवस्था गरिँदै आएको छ ।
- वतावरण तथा विपद् व्यवस्थापनका लागि पोखरी संरक्षण, पहिरो नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदि नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा पालिकाले वृद्धि गरेको छ । चालू आर्थिक वर्षमा उच्च जोखिमयुक्त क्षेत्रको नक्साङ्कन, जोखिमको विश्लेषण तथा विपद जोखिम न्यूनीकरण रणनीतिक कार्य योजना तयार गर्न कार्य अन्तिम चरणमा पुगेको छ ।

**लैङ्गिक समानता र सामाजिक समावेशीकरण**

- **स्थानीय लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०८०** अन्तरगत रहेको **लैङ्गिक हिंसा निवारण कोष** र **मेलमिलाप कार्यसञ्चालन कार्यविधि, २०७६** अन्तरगत रहेको **मेलमिलाप कार्यसञ्चालन कोष**को सञ्चालनमा आएको छ ।
- पालिकास्तरमा गठन भएका जेष्ठ नागरिक तथा महिला अधिकारसम्बन्धि काम गर्ने जेष्ठ नागरिक समन्वय केन्द्र, महिला अधिकार मञ्चलगायतलाई क्षमता विकास तथा शसक्तिकरणमा रकम विनियोजन हुँदै आएको छ ।
- महिला उद्यमसीलता विकासका तथा प्रबर्द्धनका लागि मेन्छयायेम कोशेली घरमार्फत बजारीकरणको अभ्यास शुरू गरिएको छ ।
- सामाजिक सुरक्षा लाभग्राहीको परिचयपत्र, विवरण अद्यावधिक वडास्तरबाट नै गरिएको छ ।

**सुशासन तथा संस्थागत विकास**

- गाउँपालिकाले ७ वटा ऐन, ३ वटा नियमावली, ३० वटा कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । त्यसै गरी पर्यटन प्रबर्द्धनसम्बन्धि गुरूयोजना, विपद जोखिम न्यूनीकरणसम्बन्धि योजना तर्जुमा गरेको छ । गाउँपालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी सो अनुसारको संगठन संरचना, जनशक्ति र कार्यविवरण तयार गरी कार्यान्वयनमा ल्याएको छ । यस गाउँपालिकाले गत आ.व. को **स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन** (LISA) मा ५० अंक प्राप्त गरेको छ ।
- कार्यालयबाट प्रवाह हुने सार्वजनिक सेवा लगायत शिक्षा, स्वास्थ्य, बैंकिङ कारोबार आदिमा सूचना प्रविधिको प्रयोग भएको छ ।

**सभा सदस्यज्यूहरू,**

**अब म आ.ब. २०८०/८१ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।**

**सामाजिक विकास**

**शिक्षा**

- शिक्षा नियमावली, शिक्षा नीति जस्ता कानुनी तथा नीतिगत व्यवस्थामार्फत शिक्षा क्षेत्रको गुणस्तर नियमन गरिने छ ।
- विद्यालय बाहिर रहेका र बीचमै विद्यालय छोड्ने बालबालिकाहरूलाई विद्यालय शिक्षा पूरा गर्न प्रोत्साहनका लागि विशेष प्याकेज सञ्चालन गरिनेछ ।
- विद्यालयहरूको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभूत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरूको ब्यवसायिक क्षमता विकासको लागि लगानी गरिनेछ ।
- अंग्रेजी माध्यमबाट शिक्षा दिन इच्छुक सामूदायिक विद्यालयहरूलाई पूर्वाधार तथा शिक्षक दरबन्दी लगायतका कार्यमा प्रोत्साहन दिईनेछ ।
- विषयगत शिक्षकहरूको अभिलेख व्यवस्थापन गरी गाउँपालिकाको शैक्षिक विकासमा उनीहरूको अनुभवलाई उपयोग गरिनेछ ।
- सामूदायिक विद्यालयहरूमा शिक्षक विद्यार्थी अनुपातमा विषयगत दरबन्दी एवं शिक्षक सरूवालाई व्यवस्थापन गरिनेछ ।

- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रममार्फत विद्यालयहरूमा भौतिक पूर्वाधार निर्माण, पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापनाको लागि सबै विद्यालयको माग आधारमा छनौटमा जोड दिइनेछ ।
- विद्यालयमा नै दिवा खाजा खाने व्यवस्था गर्न विद्यालयलाई प्रोत्साहन कार्यक्रम अघि बढाइनेछ ।
- विद्यालय उमेर समूहका बालबालिकाहरूलाई खेलकूदको विकास गर्न विद्यालयमा नै खेलकूद कार्यक्रम सञ्चालन गरिनेछ । विद्यार्थीहरूको प्रतिभा प्रस्फुटनका लागि विद्यालयमै प्रतिस्पर्धात्मक अतिरिक्त क्रियाकलाप सञ्चालन गरिनेछ ।
- गाउँ शिक्षा योजना निर्माण गर्ने प्रक्रिया अगाडि बढाइनेछ ।

**भाषा/संस्कृति**

- गाउँपालिकाभित्र बोलिने विभिन्न जातजातिका मातृ भाषाहरूको संरक्षणमा जोड दिइनेछ । र, गाउँपालिका भित्र आयोजना हुने मेला तथा अन्य गतिविधिहरूमा विविध जातीय भेषभूषा, कला साहित्य, संगीतलगायत अनुसार झाँकी सहित प्रदर्शन गर्ने नीतिलाई निरन्तरता तथा विदा दिने कार्यलाई निरन्तरता दिइनेछ ।

**युवा तथा खेलकूद**

- खेलकूदको विकास गर्न विभिन्न खेलहरूका लागि खेलकूद मैदान लगायतका खेल पूर्वाधार निर्माण तथा मर्मत सम्भारलाई निरन्तरता प्रदान गरिनेछ ।
- गाउँपालिकाका गौरवका रूपमा रहेका खेलकूद प्रतियोगिताहरू आयोजना गर्दा अन्य निकाय तथा व्यक्तिसँग सहकार्य र साझेदारी गरिने छ ।
- गाउँपालिकास्तरमा गठन भएको **खेलकूद विकास समिति**को क्षमता विकास, थप व्यवस्थित र चलयमान बनाउँदै लगिनेछ ।
- वैदेशिक रोजगारबाट फर्केका युवाहरूले आर्जन गरेको ज्ञान र सीप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि नवप्रवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रमसँग आबद्ध गराइने छ ।
- युवा रोजगारी न्यूनीकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सीप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- विपन्न, गरीब र सुकुम्वासी परिवारका युवाहरूलाई सीपमूलक तालिमः इलेक्ट्रोनिक्स सामाग्री मर्मत, प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन, ब्युटि पार्लर, होटल म्यानेजमेन्ट, ब्यावसायिक पशु पालन तथा तरकारी खेती जस्ता तालिमहरू प्रदान गरी गरिबी न्यूनीकरण र जिविकोपार्जनमा सहजीकरण गरिने छ ।

**लैङ्गिक समानता र सामाजिक समावेशीकरण**

- लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रमहरू कार्यान्वयन गरिनेछ ।
- **स्थानीय लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०८०** अन्तरगत रहेको **लैङ्गिक हिंसा निवारण कोष** र **मेलमिलाप कार्यसञ्चालन कार्यविधि, २०७६** अन्तरगत रहेको **मेलमिलाप कार्यसञ्चालन कोष**को सञ्चालनलाई थप प्रभावकारी बनाइनेछ ।
- पालिकास्तरमा गठन भएका जेष्ठ नागरिक तथा महिला अधिकारसम्बन्धि काम गर्ने जेष्ठ नागरिक समन्वय केन्द्र, महिला अधिकार मञ्चलगायतलाई क्षमता विकास तथा शसक्तिकरणको कार्यलाई निरन्तरता दिइनेछ ।
- महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- विभिन्न समूदायले जीवन निर्वाहको रूपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रूपमा विकास गर्न सहयोग गरिनेछ ।
- यसै आर्थिक वर्षबाट टोल विकास संस्था गठन गरी सो टोल विकास संस्थाहरूलाई प्रभावकारी रूपमा सहभागी गराइने छ ।

- ज्येष्ठ नागरिक, अपाङ्गता तथा सामाजिक सुरक्षा लाभग्राही परिचयपत्र वडास्तरबाट नै उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- महिला उद्यमशीलता विकासका लागि महिलाद्वारा प्रबर्द्धित व्यवसायलाई मेन्छयायेम साझा सुविधा केन्द्र (उद्यम घर)मार्फत बजारीकरणको व्यवस्था मिलाइनेछ ।
- गाउँपालिका तथा वडास्तरीय बाल क्लब सञ्जाललाई प्रभावकारी रूपमा परिचालन गरिनेछ।

**स्वास्थ्य**

- नागरिकको पहुँच सुनिश्चित हुने गरी गाउँपालिकामा निर्माणाधीन १५ शैय्याको मेन्छयायेम अस्पताललाई आगामी आर्थिक वर्षमा निर्माण सम्पन्न गरी आधुनिक प्रविधिसहितको पूर्वाधारयुक्त अस्पताल बनाइनेछ ।
- आगामी आर्थिक वर्षबाट दरबन्दीसहित मेडिकल अधिकृतको व्यवस्था गरी स्वास्थ्य सेवालाई नियमित र प्रभावकारी बनाइनेछ ।
- यस आर्थिक वर्षमा उपलब्ध एम्बुलेन्सलाई सबैको पहुँचमा पुर्याउन मापदण्ड बनाएर सञ्चालन गरिनेछ ।
- पौठाक स्वास्थ्य चौकी र श्रीजुङ्ग स्वास्थ्य चौकीमा सञ्चालित बर्थिङ्ग सेन्टरको सेवालाई व्यवस्थित बनाउन स्वास्थ्यकर्मीलाई **SBA (Skilled Birth Attendant)** ट्रेनिङ्गको व्यवस्था तथा उपकरणयुक्त बनाइनेछ ।
- स्वास्थ्य संस्थामा मृगौला, मुटु, उच्च रक्तचाप, मधुमेह जस्ता रोगको निःशुल्क जाँच र उपचारको प्रबन्ध मिलाइने छ ।
- महिला स्वयंसेविकाहरूको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरूको सेवालाई प्रभावकारी तुल्याइने छ ।
- स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ।
- नेपाल सरकारको स्वास्थ्य बीमासम्बन्धि कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।

**व्यवसाय तथा पर्यटन**

- गाउँपालिकाभित्र सञ्चालनमा रहेका व्यवसायको दर्ता, नवीकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रक्रियालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ ।
- मेन्छयायेम गाउँपालिका ३ मा निर्माणाधिन **मेन्छयायेम ढाँप**लाई आगामी आर्थिक वर्षमा सम्पन्न गरी सञ्चालनमा ल्याउन प्रयत्न गरिनेछ ।
- गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरू जोड्न पर्यटकीय सडक सञ्जाल कार्यान्वयन प्रारम्भ गरिनेछ ।
- विभिन्न जातजातिको जातजाति परम्परागत पर्व, संस्कार र संस्कृतिहरूको प्रबर्द्धन गर्न सहयोग गरिनेछ ।
- गाउँपालिका भित्रका पर्यटकीय स्थलहरूको प्रचार प्रसारका लागि डकुमेन्ट्री प्रशारण र ब्रोसरहरूको वितरण गरिनेछ ।
- यस गाउँपालिकाभित्र उपयुक्त स्थान छनौट गरी एउटा होम स्टे सञ्चालन गर्न सहयोग गरिनेछ ।

**कृषि तथा पशुपंक्षी**

- उच्च मूल्यका फलफूल, तरकारी तथा अन्नबालीहरूको पकेट क्षेत्रहरू पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गरी ती स्थानहरूमा ब्यावसायिक कृषि कार्यक्रम सञ्चालन गरिनेछ ।
- **रैथाने बालीहरूको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको** लागि विशेष प्रबन्ध मिलाइने छ ।
- कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई स्थानीय उत्पादन जोड दिइ कृषि तथा पशुपालनलाई आधुनिकीकरण गरी व्यवसायीकरण गरिनेछ।
- गाउँपालिका भित्रका कृषकहरूलाई किसान लाभग्राही कार्ड वितरण गरिनेछ ।
- ब्यावसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, कृषि सडक, विद्युतीकरण, कृषि बजार, सितभण्डार तथा गोदाम घरहरूको पूर्वाधार निर्माणलाई प्राथमिकतामा राखिनेछ ।

### सहकारी तथा अन्य संघसंस्था/समिति

- गाउँपालिका भित्र स्थापना हुने कृषि समूह, निजी फर्म र सहकारीहरूको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरूलाई व्यवस्थित गरिनुका साथै गाउँपालिकाबाट जारी भएको सहकारी ऐनमार्फत सहकारी संस्थाहरूको नियमनलाई प्रभावकारी रूपमा अगाडि बढाइनेछ ।
- सहकारीहरूको माध्यमबाट उत्पादनशिल क्रियाकलापमा संलग्न नागरिकहरूको पूँजि संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिबी न्यूनिकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ।
- कृषि लगायत विषयगत सहकारीलाई सो क्षेत्रमा केन्द्रित भै लगानी गर्ने नीतिलाई कार्यान्वयन गरिनेछ ।
- लघु वित्त कार्यक्रम सञ्चालन गर्ने सबै संस्थालाई गाउँपालिकाको नियमित सम्पर्कमा रही कार्यगत सहजीकरण गरिनेछ ।

### सूचना तथा सञ्चार प्रविधि

- पालिकाको सूचना तथा अभिलेख व्यवस्थापनका लागि पालिकाको आफ्नै सूचना तथा अभिलेख केन्द्र स्थापना गरी दस्तावेजहरू व्यवस्थित र सुरक्षित राख्ने र एकीकृत तथ्याङ्क संकलनमा जोड दिइ तथ्याङ्क संकलनमा एकरूपता ल्याउने नीति लिइनेछ । गाउँ कार्यपालिका तथा सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरूलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ ।
- गाउँपालिका भित्र पार्श्व चित्र (Digital LG Profile) लाई अद्यावधिक गरिनेछ ।
- विद्यालयस्तरमा शिक्षण सिकाइको सुदृढिकरणका लागि सूचना प्रविधिको सीप प्रदान गरिनेछ ।
- पालिकाका सेवा र सूचनाहरू अनलाइनमार्फत प्रशारण गर्ने र वडा कार्यालयबाट उपलब्ध हुने सेवा सुविधाहरूलाई विद्युतीय प्रणालीबाट उपलब्ध गराइने व्यवस्थालाई थप व्यवस्थित गरिनेछ ।
- गाउँपालिकाको काम कारबाहीलाई व्यवस्थित, पारदर्शी तथा सम्पूर्ण नागरिक समक्ष पुर्याउन गाउँपालिकाको वेवसाइट अद्यावधिकलाई निरन्तरता दिईनेछ ।
- नागरिकहरूको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचनामैत्री बनाइनेछ।
- गाउँपालिकाबाट प्रवाह हुने सेवाहरूमा सफ्टवेयर निर्माण गरी पेपर लेस प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिईनेछ । आगामी आर्थिक वर्षबाट भुक्तानी प्रक्रियालाई व्यवस्थित तथा सहज बनाउनका लागि **EFT System (Cheque रहित)** लागू गरिनेछ ।
- गाउँपालिका तथा वडा कार्यालयहरूमा अपुग भएका **ICT** सम्बन्धि उपकरणहरूको अभिलेख तयार गरी आवश्यकता अनुसार **ICT** सामग्रीहरू खरिद गरी वितरणको व्यवस्था गरिनेछ ।
- गाउँपालिकालाई सूचना प्रविधिमैत्री बनाउन नयाँ प्रविधिहरूको प्रयोगमा जोड दिइनेछ ।

### न्यायिक समिति

- न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरूको शीघ्र निरूपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरूको प्रबन्ध मिलाइने छ ।
- न्यायिक समितिका पदाधिकारी, मेलमिलापकर्ता तथा कर्मचारीहरूको विषयगत ज्ञान र क्षमता विकासमा जोड दिइनेछ ।
- मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रबर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

### सुशासन तथा क्षमता विकास

- आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरूजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडी बढाईने छ ।
- प्रत्येक महिनाको आय/व्ययको मास्केवारी गाउँपालिका तथा वडा कार्यालयको सूचनापाटी तथा वेवसाइटमा प्रकाशित गरिनेछ ।
- गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएका क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरूलाई सहजकर्ता वा विशेषज्ञको रूपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।
- जनप्रतिनिधिहरू तथा कर्मचारीहरूको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईने छ ।
- गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ । सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरू र सार्वजनिक स्थानहरूमा गाउँपालिकाको तर्फबाट सुझाव पेटिकाहरू राखिने छ ।
- गाउँपालिकाको सुरक्षालाई चुस्तदुरूस्त एवम् प्रभावकारी बनाउन वडाका विभिन्न ठाउँमा तथा सुरक्षा संवेदनशील क्षेत्रहरूमा सी.सी.टी.भी. क्यामेरा जडान गरिनेछ ।
- संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।

**वातावरण तथा विपद् व्यवस्थापन**

- पूर्वाधार आयोजनाहरूको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरूले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणीय परीक्षण **(IEE)** र वातावरणीय प्रभाव मूल्याङ्कन **(EIA)** अध्ययन गरिनेछ ।
- पोखरी संरक्षण, पहिरो नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदि नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृद्धि गरिनेछ ।
- भूसूचना प्रणालीको प्रयोग उच्च जोखिमयुक्त क्षेत्रको नक्साङ्कन, जोखिमको विश्लेषण तथा जोखिम न्यूनीकरण योजना तयार गरिनेछ ।
- विपद जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पूर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाइने छ ।
- विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी स्रोत परिचालन गरिने छ ।
- गाउँपालिकाको विपद् जोखिम नक्साङ्कन गरी सोही आधारमा विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुनर्उत्थान कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

**भौतिक पूर्वाधार**

- चालू आर्थिक वर्षमा गाउँपालिकाको भूउपयोग नीति निर्माण भइसकेकाले आगामी आर्थिक वर्षमा भूउपयोग नीतिमार्फत भूउपयोग क्षेत्र निर्धारण गरी वस्ति विकास योजना, भवन तथा सार्वजनिक निर्माण लगायत पूर्वाधार निर्माण कार्य व्यवस्थित र गुणस्तरीय रूपमा सञ्चालन गरिनेछ ।
- गाउँपालिकामा हालसम्म सबै वडामा सडकको पहुँच पुगेको छ । गाउँपालिकाले विभिन्न वस्तीमा समेत सबै समयमा गाडी चल्ने सडक पूर्वाधार विस्तार गरेको छ । उक्त सडकहरूको मर्मत सम्भारमा गाउँपालिकाले आगामी आर्थिक वर्षमा प्राथमिकतामा राखेको छ ।
- चालू आर्थिक वर्षमा जस्तै आगामी आर्थिक वर्ष २०८०।०८१ मा संघ तथा प्रदेश सरकारबाट सत्तल-सिक्देम सडक, मोराहाङ्ग बजार-संग्राते-लाब्री सडक र संहिम चोक-असिने-मंगलबारे सडक समपुरक अनुदानको साझेदारीबाट बिनियोजन गरिनेछ । यस्तै, गाउँपालिकाबाट माग भए बमोजिम संघ र प्रदेशअन्तरगका विभिन्न मन्त्रालयबाट गाउँपालिकामा बिनियोजन भएका योजनाहरूको प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।
- गाउँपालिकाको स्वामित्वमा रहेको मेन्छयायेम सभाहललगायत अन्य भौतिक संरचनाहरूको आवधिक रूपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ ।

- विगत देखिका निर्माणाधिन तथा अधुरा योजनाहरूलाई सम्पन्न गर्न क्रमागत रूपमा बजेट विनियोजन गरिनेछ ।

अन्त्यमा मेन्छयायेम गाउँपालिकाको सरवाङ्गीक विकासको गति मेन्छयायेम वासीहरूको चाहना, आवश्यकतालाई ध्यानमा राखी वार्षिक, आवधिक योजना बनाइ कार्यान्वयनमा ल्याइ सुखी मेन्छयायेमवासी समृद्ध मेन्छयायेम बनाउने कुरामा निरन्तर लागि पर्ने प्रतिबद्धता जाहेर गर्न चाहन्छु । यसको लागि तपाइ सम्पूर्णको साथ सहयोगको अपेक्षा राख्दछु ।

धन्यवाद

मेन्छयायेम गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

मोराहाङ्ग, तेह्रथुम

**आयको विवरण**

| क्र.सं. | स्रोत शिर्षक | रकम रू. | कैफियत |
|---|---|---|---|
| १ | संघीय सशर्त अनुदान चालू | ११,४२,००,००० | १,१४,२०० |
| २ | संघीय सशर्त अनुदान पुँजीगत | ४,७४,००,००० | ४७,४०० |
| ३ | संघीय वित्तीय समानीकरण | ६,८७,००,००० | ६८,७०० |
| ४ | संघीय विषेश अनुदान पुँजीगत | | ० |
| ५ | संघीय समपुरक अनुदान | ५०,००,००० | ५,००० |
| ६ | संघीय राजस्व बाँडफाँट | ४,९५,३७,८०० | ४९,५३८ |
| ७ | प्रदेश सशर्त अनुदान चालू | २,७०,००० | २७० |
| ८ | प्रदेश सशर्त अनुदान पुँजीगत | २१,९८,००० | २,१९८ |
| ९ | प्रदेश वित्तीय समानीकरण | ३४,३६,००० | ३,४३६ |
| १० | प्रदेश राजस्व बाँडफाँड | १५,९९,००० | १,५९९ |
| ११ | प्रदेश विशेष अनुदान | | ० |
| १२ | प्रदेश समपुरक अनुदान | ६५,००,००० | ६,५०० |
| १३ | अल्या | ३०,००,००० | ३,००० |
| १४ | आन्तरिक स्रोत | १७,५०,००० | १,७५० |
| | **कूल जम्मा रू.** | **३०,३५,९०,८००** | |

**व्ययको विवरण**

| क्र.सं. | मेन्छयायेम गाउँपालिका वडा नं. १ को प्रस्तावित कार्यक्रम | रकम रू. | कैफियत |
|---|---|---|---|
| १ | कर्मचारी बैंठक भत्ता | १५,००० | |
| २ | करार सेवा शुल्क | १,२०,००० | |
| ३ | पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशन खर्च | ५,००० | |
| ४ | पानी तथा विजुली | ७,००० | |
| ५ | भ्रमण खर्च | २,१०,००० | |
| ६ | मसलन्द तथा कार्यालय सामग्री | ७९,००० | |
| ७ | विविध खर्च | ५२,००० | |
| ८ | सञ्चार महसुल | ३२,००० | |
| ९ | सवारीसाधन मर्मत खर्च | ५०,००० | |
| १० | इन्धन कार्यालय प्रयोजन | २५,००० | |
| ११ | इन्धन अन्य प्रयोजन | ५,००० | |
| १२ | सिमसिमे खेलमैदान विस्तार | २,००,००० | |
| १३ | पधेरे (पान्धारे) खानेपानी पाइप खरिद | ५०,००० | |
| १४ | शारदा आधारभूत विद्यालय खेलमैदान विस्तार | १,५०,००० | |
| १५ | साविकका ३ वटै विद्यालय विद्यार्थी पोशाक | १,५०,००० | |
| १६ | सिंहदेवी आधारभूत विद्यालय दिवा खाजा व्यवस्थापन | ८५,००० | |
| १७ | शारदा आधारभूत विद्यालय दिवा खाजा व्यवस्थापन | ८५,००० | |
| १८ | जनकल्याण आधारभूत विद्यालय दिवा खाजा व्यवस्थापन | ६५,००० | |
| १९ | कोलाबारी खानेपानी पाइप विस्तार | ५०,००० | |
| २० | कार्की खोलाबाट खेतघरे कुलो मर्मत | ५०,००० | |
| २१ | पाचपाते खोला काठे पुल निर्माण | १,००,००० | |
| २२ | वडा कार्यालय व्यवस्थापन | १,००,००० | |
| २३ | डिजेल खरिद | २,००,००० | |
| २४ | महिला भवन विजुली बत्ती जडान | ४०,००० | |
| २५ | सिंहदेवी आधारभूत विद्यालय शौचालय मर्मत | २५,००० | |
| २६ | लाबृ-जनकल्याण सडक मर्मत | १,००,००० | |

| | | | |
|---|---|---|---|
| २७ | काभ्रे सुब्बा टोल सडक मर्मत | १,००,००० | |
| २८ | सुम्लुङ्ग खोला लाबृ माथिल्लो खानेपानी योजना | २५,००० | |
| २९ | सुब्बा टोल ओखे कुलो मर्मत | २५,००० | |
| | **मेन्छयायेम गाउँपालिका वडा नं. १ प्रस्तावित रकम जम्मा रू.** | **२२,००,०००** | |
| **क्र.सं.** | **मेन्छयायेम गाउँपालिका वडा नं. २ को प्रस्तावित कार्यक्रम** | **रकम रू.** | **कैफियत** |
| १ | कर्मचारी बैठक भत्ता | १५,००० | |
| २ | इन्धन (अन्य प्रयोजन) | १०,००० | |
| ३ | इन्धन कार्यालय प्रयोजन | ५०,००० | |
| ४ | पानी तथा बिजुली | १५,००० | |
| ५ | भ्रमण खर्च | २,५०,००० | |
| ६ | सञ्चार महसुल | २५,००० | |
| ७ | विविध खर्च | ५०,००० | |
| ८ | पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशन खर्च | १५,००० | |
| ९ | मसलन्द तथा कार्यालय सामग्री खरिद | १,००,००० | |
| १० | सवारीसाधन मर्मत खर्च | ५०,००० | |
| ११ | सवारीसाधन तथा मेसिनरी औजार भाडा | २०,००० | |
| १२ | आदिवासी जनजाति पूर्वाधार विकास कार्यक्रम | १,४०,००० | |
| १३ | फलाटे डाँडा बाटो मर्मत | १,५०,००० | |
| १४ | जलकन्या आधारभूत विद्यालय प्रवेश गर्ने बाटो निर्माण | १,००,००० | |
| १५ | बल गाउँ देविथान व्यवस्थापन | ३०,००० | |
| १६ | बैशाखे बल गाउँ देउराली सडक सुधार | २,००,००० | |
| १७ | २ नं. वडा पाइप खरिद | ५०,००० | |
| १८ | सिरिङबारी शिशु भवन मर्मत | ५०,००० | |
| १९ | खेसेरा तथा स्वास्थ्य चौकी खानेपानी मर्मत | १,००,००० | |
| २० | सुम्लुङ्ग खोला सिचाइ कुलो मर्मत | ३०,००० | |
| २१ | महिला लालिगुराँस क्षमता विकास कार्यक्रम | २५,००० | |
| २२ | चिम्फाङ देवि पोखरी हिटी धारा निर्माण | ५०,००० | |
| २३ | हात्तिसार धारा तथा प्लेट निर्माण | ३०,००० | |
| २४ | याक्चुवा देखि सइपुङ्गसम्म कुलो मर्मत | ५०,००० | |
| २५ | आलडाँडा पोखरी ग्याबिङ्ग जाने बाटो मर्मत | ५०,००० | |
| २६ | वडा कार्यालय व्यवस्थापन तथा पौठाक चोक जाने बाटो सोलिङ्ग कार्य | ५,४५,००० | |
| | **मेन्छयायेम गाउँपालिका वडा नं. २ को रकम रू.** | **२२,००,०००** | |
| **क्र.सं.** | **मेन्छयायेम गाउँपालिका वडा नं. ३ को प्रस्तावित कार्यक्रम** | **रकम रू.** | **कैफियत** |
| १ | इन्धन अन्य प्रयोजन | ६,५०० | |
| २ | इन्धन कार्यालय प्रयोजन | ४०,००० | |
| ३ | कर्मचारी बैठक भत्ता | १५,००० | |
| ४ | पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशन खर्च | १५,००० | |
| ५ | भ्रमण खर्च | २,१५,००० | |
| ६ | पानी तथा विजुली | ६,००० | |
| ७ | सञ्चार महसुल | ३५,००० | |
| ८ | विविध खर्च | ९०,००० | |
| ९ | मसलन्द तथा कार्यालय सामग्री | ८०,००० | |
| १० | कार्यालय व्यवस्थापन खर्च | ४७,५०० | |
| ११ | सवारीसाधन मर्मत खर्च | ३५,००० | |
| १२ | विद्युत जडान | १५,००० | |
| १४ | मझुवा लिसाबोटे सडक | २,५०,००० | |
| १५ | ३ नं. वडा सडक सरसफाइ | १,५०,००० | |
| १६ | खोलाखर्क काठे पुल | १,००,००० | |

| | | | |
|---|---|---|---|
| १७ | ओडारे खोला काठे पुल | १,००,००० | |
| १८ | भिमसेन डाँडा डबली सडक निर्माण | २,००,००० | |
| १९ | याक्चुवा महाविर सडक निर्माण | २,००,००० | |
| २० | अप्ठेरे देविथान मर्मत | ५०,००० | |
| २१ | सिस्ने धारा मर्मत | ५०,००० | |
| २२ | कालिकादेवि थान मर्मत | ५०,००० | |
| २३ | सिंहदेवी थान मर्मत सम्भार | ५०,००० | |
| २४ | सिवारा कुलो पाइप खरिद | १,००,००० | |
| २५ | युवावर्ष आधारभूत विद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम | १,५०,००० | |
| २६ | कालिका आधारभूत विद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम | १,५०,००० | |
| | **मेन्छयायेम गाउँपालिका वडा नं. ३ रकम रू.** | **२२,००,०००** | |
| **क.सं.** | **मेन्छयायेम गाउँपालिका वडा नं. ४ को प्रस्तावित कार्यक्रम** | **रकम रू.** | **कैफियत** |
| १ | कर्मचारी बैठक भत्ता | १५,००० | |
| २ | इन्धन (अन्य प्रयोजन) | १०,००० | |
| ३ | इन्धन कार्यालय प्रयोजन | ३०,००० | |
| ४ | करार सेवा शुल्क | १,७०,००० | |
| ५ | पानी तथा बिजुली | १०,००० | |
| ६ | भ्रमण खर्च | १,६०,००० | |
| ७ | सञ्चार महसुल | २०,००० | |
| ८ | विविध खर्च | ७०,००० | |
| ९ | पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशन खर्च | १५,००० | |
| १० | मसलन्द तथा कार्यालय सामग्री खरिद | ७०,००० | |
| ११ | सवारीसाधन मर्मत खर्च | ३०,००० | |
| १२ | सिंहदेवि आधारभूत विद्यालय व्यवस्थापन | १,००,००० | |
| १३ | बारगटे गोरेटे बाटो निर्माण | ५०,००० | |
| १४ | पञ्चकन्या मन्दिर व्यवस्थापन | ८०,००० | |
| १५ | तेम्बेली खुट्टेखोला काठेपुल निर्माण | ७०,००० | |
| १६ | गोरेटो बाटो साविक श्रीजुङ्ग १ पुछार | ५०,००० | |
| १७ | असिने आधारभूत विद्यालय व्यवस्थापन | १,२०,००० | |
| १८ | घुमाउने सडक निर्माण | १,००,००० | |
| १९ | कमिनी खोला काठे पुल निर्माण | ७०,००० | |
| २० | फुङ्गिङ्गेक हिटी व्यवस्थापन | १,००,००० | |
| २१ | ठ्याम डाँडा गोरेटो बाटो निर्माण | ४०,००० | |
| २२ | ६ घरे खानेपानी | २०,००० | |
| २३ | ओखरबोटे पिपली सडक सोलिङ्ग | २,००,००० | |
| २४ | ४ नं. वडा कार्यालय हेल्थपोष्ट सडक सोलिङ्ग | १,००,००० | |
| २५ | साविक श्रीजुङ्ग १ र २ खानेपानी व्यवस्थापन | ५०,००० | |
| २६ | संग्रातेमाहिम साविक श्रीजुङ्ग ५ | ५०,००० | |
| २७ | सिङ्गलाडाँडा बाक्लो गाउँ सडक सोलिङ्ग | १,००,००० | |
| २८ | खुट्टेखोला आहाले सिचाइ कुलो | ५०,००० | |
| २९ | पिपली संग्राते सिचाइ कुलो | २०,००० | |
| ३० | वडा नं. ४ पेटी निर्माण | १,००,००० | |
| ३१ | सिंहदेवी आधारभूत विद्यालय कर्मचारी व्यवस्थापन | १,३०,००० | |
| | **वडा नं. ४ कूल जम्मा** | **२२,००,०००** | |
| **क.सं.** | **मेन्छयायेम गाउँपालिका वडा नं. ५ को प्रस्तावित कार्यक्रम** | **रकम रू.** | **कैफियत** |
| १ | कार्यालय सञ्चालन खर्च | ६,००० | |
| २ | कर्मचारी बैठक भत्ता | १५,००० | |
| ३ | इन्धन (अन्य प्रयोजन) | १०,००० | |

| | | | |
|---|---|---|---|
| ४ | इन्धन कार्यालय प्रयोजन | १५,००० | |
| ५ | पानी तथा बिजुली | २५,००० | |
| ६ | करार सेवा शुल्क | १,९५,००० | |
| ७ | भ्रमण खर्च | १,७५,००० | |
| ८ | सञ्चार महसुल | २५,००० | |
| ९ | विविध खर्च | ५०,००० | |
| १० | पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशन खर्च | २०,००० | |
| ११ | मसलन्द तथा कार्यालय सामग्री खरिद | २९,००० | |
| १२ | सवारीसाधन मर्मत खर्च | २५,००० | |
| १३ | सवारीसाधन तथा मेसिनरी औजार भाडा | १०,००० | |
| १४ | इवा खोला कुलो नं. १ | ७५,००० | |
| १५ | बशिष्ट देवाली पाटी मर्मत | ५०,००० | |
| १६ | ओलेखु सडक पाइप खरिद | १,००,००० | |
| १७ | धाराघरे, जाँते, बिविटी निर्माण | ५०,००० | |
| १८ | जाँते गुम्बा मर्मत सम्भार | ५०,००० | |
| १९ | जाँते गोस्पेल चर्च मर्मत | ३०,००० | |
| २० | महिला समूह | १,००,००० | |
| २१ | खनाल टोलदेखि माथि सिरान घर जाने सडक ट्याक ओपन | १,००,००० | |
| २२ | तितुङ्गटोल खानेपानी ट्याङ्की निर्माण | १,००,००० | |
| २३ | मद्यपान तथा लागू औषधको हानी विषयमा जनचेतना | १,००,००० | |
| २४ | थुम्की बराठे सडक स्तरोन्नति | ५०,००० | |
| २५ | मोराहाङ्ग बजारको खाली जग्गाहरूमा वृक्षारोपण तथा फलफूल कार्यक्रम | ३०,००० | |
| २६ | सडक सरसफाइका लागि डिजेल खरिद | १,००,००० | |
| २७ | गौखुरी धाम सरसफाइ तथा व्यवस्थापन | ५०,००० | |
| २८ | पदमार्ग मर्मत | १५,००० | |
| २९ | वडा कार्यालयको कोठा निर्माण | ४,००,००० | |
| ३० | Wifi नेट साविक वडा नं. १, २, ३ र ८ | १,५०,००० | |
| ३१ | दलित टोल मूल सुधार | ५०,००० | |
| | **वडा नं. ५ कूल जम्मा** | २२,००,००० | |
| **क.सं.** | **मेन्छयायेम गाउँपालिका वडा नं. ६ को प्रस्तावित कार्यक्रम** | **रकम रू.** | **कैफियत** |
| १ | कर्मचारी बैठक भत्ता | १५,००० | |
| २ | इन्धन (अन्य प्रयोजन) | १०,००० | |
| ३ | इन्धन कार्यालय प्रयोजन | १५,००० | |
| ४ | करार सेवा शुल्क | १,९५,००० | |
| ५ | पानी तथा बिजुली | १०,००० | |
| ६ | भ्रमण खर्च | १,९०,००० | |
| ७ | सञ्चार महसुल | २०,००० | |
| ८ | विविध खर्च | ४०,००० | |
| ९ | पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशन खर्च | २०,००० | |
| १० | मसलन्द तथा कार्यालय सामग्री खरिद | ५०,००० | |
| ११ | सवारीसाधन मर्मत खर्च | २०,००० | |
| १२ | सवारीसाधन तथा मेसिनरी औजार भाडा | १५,००० | |
| १३ | बतासे सल्लेरी खानेपानी धारा निर्माण तथा इन्टेक मर्मत | २,३०,००० | |
| १४ | थामदेन खतिवडा टोल खानेपानी व्यवस्थापन | ४०,००० | |
| १५ | खसरी विष्ट टोल खानेपानी व्यवस्थापन | ५०,००० | |
| १६ | मंगलबारे खानेपानी व्यवस्थापन | ५०,००० | |
| १७ | बराठे खानेपानी व्यवस्थापन | २०,००० | |
| १८ | नुनथला इन्टक तथा पाइपलाइन निर्माण | १,५०,००० | |

| | | | |
|---|---|---|---|
| १९ | गौतम धारा मूल संरक्षण | २५,००० | |
| २० | महासेर धारा मूल संरक्षण | २५,००० | |
| २१ | मुढेखोर खानेपानी व्यवस्थापन | २५,००० | |
| २२ | जनजाति महिला आयआर्जन कार्यक्रम | १,००,००० | |
| २३ | इन्टरनेट विस्तार कार्यक्रम | ८०,००० | |
| २४ | सडक मर्मत तथा सरसफाइ | ८०,००० | |
| २५ | सिकिदिम चिया सहकारी व्यवस्थापन | २५,००० | |
| २६ | कम्पोष्ट मल उत्पादन प्रोत्साहन अनुदान | ६०,००० | |
| २७ | मसला बाली उत्पादन प्रोत्साहन अनुदान | ६०,००० | |
| २८ | दलित महिला आयआर्जन कार्यक्रम | ८०,००० | |
| २९ | खानेपानी ट्याङ्की मर्मत एडीबी (भावना भण्डारी घर छेउ) | २०,००० | |
| ३० | दिवा खाजा सहयोगी कार्यकर्ता सिद्देश्वर माध्यमिक विद्यालय | १,००,००० | |
| ३१ | जलसिंहदेवी देविथान मर्मत | ४०,००० | |
| ३२ | वडा युवा रोजगार कार्यक्रम | १,६०,००० | |
| ३३ | जैमान चौतारा-ललितचन्द्रा-राधाकृष्ण सडक मर्मत | १,००,००० | |
| ३४ | थापा भण्डारी टोल खानेपानी मर्मत | ४०,००० | |
| ३५ | निङ्लेखु थाम्देन दिपुङ्ग फलफूल पकेट कार्यक्रम | ४०,००० | |
| | **वडा नं. ६ कूल जम्मा** | **२२,००,०००** | |
| **क्र.सं.** | **महिला तथा न्यायिक शाखा प्रस्तावित कार्यक्रम** | **रकम रू.** | **कैफियत** |
| १ | महिलाको नेतृत्व विकास कार्यक्रम | ३,००,००० | |
| २ | जेष्ठ नागरिक सम्मान कार्यक्रम | २,००,००० | |
| ३ | अपाङ्गता सम्मान कार्यक्रम | १,५०,००० | |
| ४ | बालबालिका सम्बन्धि पालिका स्तरीय अन्तरक्रिया कार्यक्रम | १,००,००० | |
| ५ | महिला विशेष कार्यक्रम | १,५०,००० | |
| ६ | कानूनी सचेतिकरण कार्यक्रम | ४,००,००० | |
| ६ | मेलमिलापकर्तालाई आधारभूत तालिम | ३,००,००० | |
| | **महिला विकास तथा न्यायिक शाखा कूल जम्मा** | **१६,००,०००** | |
| **क्र.सं.** | **पशुपंक्षी तथा मत्स्य विकास शाखा प्रस्तावित कार्यक्रम** | **रकम रू.** | **कैफियत** |
| १ | गाई खरिद तथा वितरण (५० प्रतिशत साझेदारी) | ५,००,००० | |
| २ | ट्राउट माछा खरिद तथा वितरण (५० प्रतिशत साझेदारी) | २,००,००० | |
| ३ | बहुवर्षीय घाँस खरिद तथा वितरण | १,००,००० | |
| ४ | औषधि खरिद | ५,००,००० | |
| ५ | रेविज भ्याक्सिन विरूद्धको औषधि खरिद | १,००,००० | |
| ६ | कृषकलाई दूधको क्यान वितरण (५० प्रतिशत साझेदारी) | ५०,००० | |
| ७ | तालिम खर्च | ८०,००० | |
| ८ | पम्प्लेट छपाई | २५,००० | |
| ९ | सामाग्री स्टेरिलाइजेसन खर्च | २०,००० | |
| १० | कार्यालय सञ्चालन खर्च | ६०,००० | |
| ११ | भ्रमण खर्च | २,८८,००० | |
| १२ | पशु प्राविधिक निरन्तरता | ४,२७,००० | |
| १३ | इन्धन खर्च | ६०,००० | |
| १४ | सवारी मर्मत खर्च | ६०,००० | |
| १५ | पानी तथा बिजुली | १५,००० | |
| १६ | सञ्चार खर्च | २५,००० | |
| | **पशुपंक्षी तथा मत्स्य विकास शाखा कूल रकम** | **२५,१०,०००** | |
| **क्र.सं.** | **कृषि विकास शाखा प्रस्तावित कार्यक्रम** | **रकम रू.** | **कैफियत** |
| १ | तरकारीको विउ खरिद तथा वितरण (५० प्रतिशत साझेदारी) | १,५०,००० | |
| २ | किवी बगैंचा व्यवस्थापन कार्यक्रम (५० प्रतिशत साझेदारी) | २,००,००० | |

| | | | |
|---|---|---|---|
| ३ | कृषि सामाग्री औजार तथा यान्त्रिकरण खरिद (५० प्रतिशत साझेदारी) | ६,००,००० | |
| ४ | बाली संरक्षण सेवा कार्यक्रम | २,००,००० | |
| ५ | मकैको विउ खरिद तथा वितरण (५० प्रतिशत साझेदारी) | २,००,००० | |
| ६ | गुन्द्रुक सिङ्की प्रवर्दधन कार्यक्रम | १,५०,००० | |
| ७ | च्याउ खेती कार्यक्रम | ५०,००० | |
| ८ | सवारी साधन मर्मत | ६०,००० | |
| ९ | इन्धन खर्च | ६०,००० | |
| १० | कार्यालय संचालन खर्च | ५०,००० | |
| ११ | भ्रमण खर्च | २,५०,००० | |
| १२ | कृषि प्राविधिक निरन्तरता | ४,३७,९०० | |
| १३ | सञ्चार खर्च | ४५,००० | |
| | **कृषि विकास शाखा कूल जम्मा रू.** | **२४,५२,९००** | |
| **क.सं.** | **स्वास्थ्य सेवा शाखा प्रस्तावित कार्यक्रम** | **रकम रू.** | **कैफियत** |
| १ | गाउँघर क्लिनिक तथा अन्य फिल्ड भत्ता | २,००,००० | |
| २ | सवारी ईन्धन तथा मर्मत | ८०,००० | |
| ३ | महिला स्वयमसेविका मासिक बैठक यातयात खर्च | २,१०,००० | |
| ४ | आधारभूत औषधि खरिद | १०,००,००० | |
| ५ | स्वास्थ्य औजार तथा उपकरण खरिद | ६,००,००० | |
| ६ | स्वास्थ्य शाखा तथा ४ वटा स्वास्थ्य संस्था सञ्चालन र व्यवस्थापन | ३,००,००० | |
| ७ | स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धि | २,००,००० | |
| ८ | खोप केन्द्रहरूको व्यवस्थापन | ८०,००० | |
| ९ | मेसिनरी औजार मर्मत | ८०,००० | |
| १० | करार कर्मचारी तलब भत्ता | ३०,००,००० | |
| ११ | स्वास्थ्य सामग्री छपाई तथा सूचना प्रकाशन | २,००,००० | |
| १२ | सुनौला १००० का आमा तथा वच्चाका लागि पोषण कार्यक्रम | २,५०,००० | |
| १३ | मेन्छयायेम अस्पतालमा निःशुल्क विमा औषधि सुरुवात | ५,००,००० | |
| १४ | स्वास्थ्य संस्थाहरूको विद्युत तथा सञ्चार महसुल | २,००,००० | |
| १५ | स्वास्थ्य सामग्री ढुवानी | १,५०,००० | |
| | **स्वास्थ्य सेवा शाखा कूल जम्मा** | **७०,५०,०००** | |
| **क.सं.** | **शिक्षा शाखा प्रस्तावित कार्यक्रम** | **रकम रू.** | **कैफियत** |
| १ | कक्षा १ देखि १२ आन्तरिक परीक्षा सञ्चालन तथा व्यवस्थापन | ७०,००० | |
| २ | कक्षा ५ परीक्षा सञ्चालन | ९५,००० | |
| ३ | कक्षा ८ परीक्षा सञ्चालन | ८५,००० | |
| ४ | जुनियर तथा युवा रेडक्रससँग साझेदारीमा विद्यार्थी | ५०,००० | |
| ५ | खेलकूद क्रियाकलाप | १,००,००० | |
| ६ | प्रधानाध्यापक बैठक | ९०,००० | |
| ७ | पाठ्यक्रम अभिमुखीकरण कार्यक्रम | ५०,००० | |
| ८ | बाल कक्षा व्यवस्थापन | २,२०,००० | |
| ९ | बाल प्रतिभा प्रोत्साहन | ४०,००० | |
| १० | बालविकास सहजकर्ता तथा विद्यालय कर्मचारी तलब | ४२,७७,००० | |
| ११ | विविध तथा स्थानीय पाठ्यक्रमको सन्दर्भ सामग्री वितरण | १,००,००० | |
| १२ | विद्यालय अनुगमन तथा भ्रमण | १,५०,००० | |
| १३ | विद्यालय व्यवस्थापन बैठक खर्च र शिक्षक अभिमुखीकरण | ७५,००० | |
| १४ | विद्यालय शिक्षक तालिम खर्च प्रस्तावनाका आधार | १,००,००० | |
| १५ | शिक्षक उपदान कोष तथा शिक्षक विदा अनुदान | २,००,००० | |
| १६ | शिक्षक तलब अनुदान पोशाकसहित | ४०,५०,००० | |
| १७ | शिक्षा समिति बैठक | ६०,००० | |
| १८ | सामूदायिक सिकाइ केन्द्रका परिचालिकाको थप तलब | २,०२,००० | |

| | | | |
|---|---|---|---|
| १९ | विद्यालयमा दिवा खाजा प्रोत्साहन अनुदान | १,९०,००० | |
| २० | विद्यालयमा खेलकूद तथा अतिरिक्त क्रियाकलाप | १,९०,००० | |
| २१ | शैक्षिक क्यालेण्डर निर्माण तथा गाउँ शिक्षा योजना निर्माण | १,५०,००० | |
| | **शिक्षा शाखा कूल जम्मा** | **१,०५,४४,०००** | |
| **क्र.सं.** | **मेन्छयायेम गाउँपालिका प्रस्तावित कार्यक्रम** | **रकम रू.** | **कैफियत** |
| १ | पारिश्रमिक कर्मचारी | २,२१,००,००० | |
| २ | पदाधिकारी अन्य सुविधा | ५०,००,००० | |
| ३ | पोशाक | ५,००,००० | |
| ४ | स्थानीय भत्ता | ९,००,००० | |
| ५ | महंगी भत्ता | ७,२०,००० | |
| ६ | कर्मचारीको बैठक भत्ता | २,७२,८०० | |
| ७ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ४,००,००० | |
| ८ | पदाधिकारी बैठक भत्ता | १०,००,००० | |
| ९ | पानी तथा बिजुली | १,५०,००० | |
| १० | सञ्चार महसुल | ४,८०,००० | |
| ११ | इन्धन (पदाधिकारी) | ५,००,००० | |
| १२ | इन्धन (कार्यालय प्रयोजन) | १२,००,००० | |
| १३ | सवारी साधन मर्मत खर्च (व्याक हो लोडर र मोटरसाइकल) | १४,००,००० | |
| १४ | सवारी साधन मर्मत खर्च (गाडी तथा एम्बुलेन्स) | १३,००,००० | |
| १५ | बिमा तथा नवीकरण खर्च | ३,००,००० | |
| १६ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ४,००,००० | |
| १७ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | १८,००,००० | |
| १८ | मसलन्द तथा कार्यालय सामाग्री | १७,५०,००० | |
| १९ | रोजगार सेवा केन्द्र सामाग्री खरिद | ३,००,००० | |
| २० | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ८,००,००० | |
| २१ | सेवा र परामर्श खर्च | ८,५०,००० | |
| २२ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ७,००,००० | |
| २३ | सरसफाई सेवा शुल्क | १,००,००० | |
| २४ | अन्य सेवा शुल्क | ४,५०,००० | |
| २५ | कर्मचारी तालिम खर्च | ८,००,००० | |
| २६ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ३,००,००० | |
| २७ | प्राविधिक फिल्ड भत्ता | ५,००,००० | |
| २८ | अनुगमन, मूल्यांकन खर्च | ६,००,००० | |
| २९ | प्रहरी चौकी मोराहाङ इन्धन तथा कार्यालय खर्च (मौलो पूजा समेत) | ५०,००० | |
| ३० | भ्रमण खर्च (सूचना प्रविधि, शिक्षा, पञ्जीकरण शाखा) | २,००,००० | |
| ३१ | भ्रमण खर्च (योजना ,लै.स.स., न्यायिक) | २,००,००० | |
| ३२ | भ्रमण खर्च (अन्य) | ११,००,००० | |
| ३३ | विविध खर्च | ९,५०,००० | |
| ३४ | सभा सञ्चालन खर्च | २,२०,००० | |
| ३५ | उद्दार, राहत तथा पुनर्स्थापना खर्च | ६,००,००० | |
| ३६ | घर भाडा | ७,२०,००० | |
| ३७ | सवारी साधन तथा मेशिनर औजार भाडा | ९,००,००० | |
| ३८ | कार्यक्रम खर्च | ५,००,००० | |
| ३९ | पञ्जिकरण शाखा अन्तर्गतको कार्यक्रम सञ्चालन तथा व्यवस्थापन | १,१०,००० | |
| ४० | फर्निचर फिक्चर्स | ४,५०,००० | |
| ४१ | मेशिनरी औजार खरिद | ४,५०,००० | |
| ४२ | शाखामा सवारी साधन व्यवस्थापन | ८,००,००० | |
| ४३ | कानून तथा कार्यविधिको छपाई | ७,००,००० | |

| | | | |
|---|---|---|---|
| ४४ | भैपरी आउने चालु खर्च | २,००,००० | |
| ४५ | मेन्छयायेम गाउँपालिकाको सभा हलमा ट्रस्ट निर्माण | ७,००,००० | |
| ४६ | गौखुरी धाम क्षेत्रमा निर्माण तथा व्यवस्थापन | ५,००,००० | |
| ४७ | उपाध्यक्ष अन्तर्गतको कार्यक्रम | १०,००,००० | |
| ४८ | अन्य समूह समिति सँस्था तथा निकाय साझेदारी | २०,००,००० | |
| ४९ | अध्यक्ष अन्तर्गतको कार्यक्रम | १५,००,००० | |
| ५० | मेन्छयायेम गाउँपालिकाको खेलकुद समितिलाई कार्यक्रम तथा व्यवस्थापन अनुदान | २०,००,००० | |
| ५१ | विपद व्यवस्थापन कोष | ५,००,००० | |
| ५२ | मेन्छयायेम कृषक समूहद्वारा सञ्चालित दुग्ध चिस्यान केन्द्रलाई सामग्री खरिद तथा व्यवस्थापन | १,५०,००० | |
| ५३ | दूग्ध ढुवानीको लागि अनुदान सहयोग | १,००,००० | |
| ५४ | महिला अधिकार मञ्च कार्यक्रम संचालन (प्रस्तावनामा आधारित) | ३,००,००० | |
| ५५ | खोरूङ्गा खोला खोला खर्क सडक स्तोन्नति (साझेदारी) | ७,००,००० | |
| ५६ | म्याङलुङ क्याम्पस अक्षयकोष स्थापना सहयोग | ३,००,००० | |
| ५७ | सिक्दिम खानेपानी व्यवस्थापन | ४,००,००० | |
| ५८ | नौमती बाजा व्यवस्थापन तथा पोसाक खरिद | १,३४,००० | |
| ५९ | कृषि व्यवसायम उत्कृष्ट कृषक छनोट तथा प्रोत्साहन | १,५०,००० | |
| ६० | ह्यूम पाइप खरिद तथा ढुवानी | १,५०,००० | |
| | **गाउँपालिकातर्फ कूल जम्मा** | **६,४३,०६,८००** | |
| **क्र.सं.** | **संघीय सरकार र प्रदेश सरकार समपुरक** | **जम्मा रू.** | **कैफियत** |
| १ | संघहिम चौक-असिने- | ५०,००,००० | |
| २ | सत्तल-सिकिदेम सडक स्तरोन्नति | ३२,५०,००० | |
| ३ | मोराहाङ्ग-संग्राते-लाम्री सडक स्तरोन्नति | ३२,५०,००० | |
| | **संघ र प्रदेश समपुरक योजना कूल जम्मा रू.** | **१,१५,००,०००** | |